मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

खण्ड ९ संख्या ५ मितिः कार्तिक १७ गते, २०८२ साल

## भाग-२

मिक्लाजुङ गाउँपालिका

राजपत्रमा प्रकाशन मितिः २०८२।०७।१७

मिक्लाजुङ गाँउपालिकाको कर्मचारीको ईन्धन, मर्मत सम्भार खर्च सुविधा सम्बन्धी मापदण्ड, २०८२ सम्बन्धित सम्पूर्ण सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कर्मचारीको ईन्धन, मर्मत सम्भार खर्च सुविधा सम्बन्धी मापदण्ड, २०८२

**प्रमाणिकरण मितिः २०८२।०७।१६**

**प्रस्तावनाः** प्रशासनीक खर्चमा मितव्यिताको साथै कर्मचारी मनोवल उच्च राखी सेवा प्रवाहको गुणात्मकता वृद्धि गर्नका लागि मिक्लाजुङ गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गाउँकार्यपालिकाले यो मापदण्ड बनाइ लागु गरेको छ ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम कर्मचारीको इन्धन तथा मर्मत सम्भार खर्च सुविधा सम्वन्धी मापदण्ड, २०८२ रहेको छ ।

ख. यो मापदण्ड मिक्लाजुङ गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

क. कर्मचारी भन्नाले मिक्लाजुङ गाउँकार्यपालिका तथा वडा कार्यालयमा कार्यरत प्राविधिक तथा अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई बुझाउँछ ।

ख. कार्यालय भन्नाले मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ग. अधिकार प्राप्त अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

घ. प्राविधिक सेवा भन्नाले इन्जिनियरिङ, कृषि तथा भेटेरिनरी सेवा लाई जनाउँदछ ।

## परिच्छेद-२
## इन्धन तथा मर्मत सम्भार खर्च सुविधा सम्वन्धी व्यवस्था

**३. इन्धन र मर्मत सम्भार सुविधाः**

**१. सुविधा वर्गीकरणः**

कर्मचारीलाई निम्न तीन श्रेणीमा विभाजन गरी ईन्धन सुविधा तोकिनेछः

क. आधारभूत सुविधा (Basic Allowance): सबै कर्मचारीलाई समान रूपमा उपलब्ध गराइने न्यूनतम रकम सुविधा।

ख. प्राथमिकता सुविधा (Priority Allowance): बढी फिल्ड, प्राविधिक जिम्मेवारी वा बढी कार्यभार हुने कर्मचारीलाई थप रकम।

ग. विशेष जिम्मेवारी सुविधा (Special Allowance): प्रमुख प्रशासकीय अधिकृत वा अत्यन्तै बढी आवागमन आवश्यक हुने कर्मचारीका लागि।

**२. ईन्धन तथा मर्मत सुविधा:**

क. मिक्लाजुङ गाउँपालिकाका सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने तथा कार्यालयको काममा सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन र मर्मत सम्भार खर्च सुविधा उपलब्ध हुनेछ।

ख. निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले मर्मत सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लू बुकको छायाँप्रति र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी पेश गरेको विवरण निर्णय गर्ने अधिकारीले मनासिव देखेमा मर्मत खर्च उपलब्ध गराउन सक्नेछ। ब्लूबुकको र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको छायाँप्रति पेश नगरे सम्म मर्मत वापतको सुविधा उपलब्ध गराइने छैन ।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राखु पर्नेछ ।

घ. वडा कार्यालयमा कार्यरत कर्मचारीले गाउँपालिका र वडाबाट दोहोरो नपर्ने गरी यस मापदण्ड बमोजिमको सुविधा लिनुपर्नेछ ।

ङ. चारपाङ्ग्रे वा सो भन्दा ठुला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनु पर्नेछ ।

च. अनुसुची-१ मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारी १ महिना भन्दा बढि समय विदामा रहेको भए निजले सो अवधिको इन्धन सुविधा प्राप्त गर्नेछैन साथै १५ दिनभन्दा बढी १ महिना भन्दा कम विदा बसेको भए दामासाही हिसावले सो महिनाको इन्धन सुविधा प्राप्त गर्नेछ ।

छ. अनुसूचिमा तोकिए बमोजिमको ईन्धन सुविधा रकम प्रत्येक महिना कार्यालयले मासिक तलब भत्ता संगै निकासा गर्नुपर्नेछ ।

ज. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनु पर्नेछ । जसको छुट्टै अभिलेख खाता राखि व्यवस्थापन गर्नुपर्नेछ ।

झ. इन्धन सम्वन्धी अभिलेख आर्थिक प्रशासन शाखाले राखु पर्नेछ।

ञ. श्रेणिविहिन कर्मचारीलाई कार्यालयको सूचना तथा चिठ्ठीपत्रको सन्देश सम्प्रेषण गर्न तथा थप कामकाजमा लगाउन परेमा निर्णय गर्ने अधिकारीले आवश्यकता अनुसार थप इन्धन उपलब्ध गराउन सक्नेछ।

## अनुसूची-१
## इन्धन, मोविल र मर्मत सम्भार खर्च सुविधा

| सि. न. | तह/पद | इन्धन बापतको रकम रु. | मोविल तथा मर्मत सम्भार | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | २५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा सवारी साधनको प्रकृति बमोजिम औचित्य पुष्टि हुने गरी । | |
| २ | शाखा प्रमुख तथा अतिरिक्त जिम्मेवारी तोकिएका अधिकृत स्तर छैटौ / सातौ/ आठौं | २५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नवढ्ने गरी । | |
| ३ | शाखा प्रमुख सहायक स्तर | १७०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नवढ्ने गरी । | |
| ४ | अप्राविधिकः अधिकृत स्तर छैटौ / सातौ/ आठौं | १७०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नवढ्ने गरी । | |
| ५ | प्राविधिकः अधिकृतस्तर छैठौं/सातौं/आठौ | २२०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले बार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| ६ | प्राविधिक पुर्वाधार शाखा, उपशाखा प्रमुखको | ३००० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले बार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| ७ | अप्राविधिकः सहायक स्तर चौथौ/ पाचौ | १५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले बार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| ८ | प्राविधिकः सहायकस्तर चौथौ/पाचौं एक वडाका लागि जिम्मेवारी भएकाका लागि) | १७०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१०००का दरले बार्षिक रु १२०००।०० नवढ्ने गरी । | |
| | प्राविधिकः सहायकस्तर चौथौ/पाचौं एक वडाका लागि जिम्मेवारी भएका **सिभिल तर्फका** लागि) | २००० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१०००.००का दरले बार्षिक रु १२०००।०० नवढ्ने गरी । | |
| १० | प्राविधिकः वडा नं २,३,४ र ५ मा एक भन्दा वढी वडाका लागि जिम्मेवारी भएका तथा वडा नं १ का **सिभिल तर्फ**का प्राविधिकका लागि) | ४००० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| ११ | प्राविधिकः वडा नं १,२,३,४ र ५ बाहेक एक भन्दा वढी वडाको जिम्मेवारी भएका **सिभिल तर्फ**का प्राविधिकका लागि) | २५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| १२ | प्राविधिकः एक भन्दा वढी वडाको जिम्मेवारी भएका **सिभिल बाहेकका** प्राविधिकका लागि) | २५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| १३ | वडा सचिव | २५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० | |

| | | | | |
|---|---|---|---|---|
| | | | का दरले वार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| १४ | नगर प्रहरी प्रमुख | १७०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| १५ | नगर प्रहरी | १५०० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले वार्षिक रु १२०००।०० नबढ्ने गरी । | |
| १६ | श्रेणी विहिन कर्मचारी | १००० | सरकारी प्रयोजनमा प्रयोग भएको सवारी साधनको हकमा प्रति महिना रु.१००० का दरले बार्षिक रु १२०००।०० नबढ्ने गरी । | |

अनुसूची-१ मा जुनसुकै कुरा लेखिएको भएतापनी वडा नं १,२,३,४ र ५ को हकमा मर्मत खर्च बापत मासिक १२५०/-को दरले वार्षिक रू १५०००/- नबढ्ने गरी प्रदान गरिनेछ।

**खारेजी तथा बचाउः** आर्थिक वर्ष २०८२।८३ मा भएगरेका यस सम्बन्धी कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ र आ.व. २०८२।०८३ सुरु भए देखि यसै मापदण्ड बमोजिम सुविधा प्रदान गरिनेछ ।

आज्ञाले

बिकेन पौडेल

प्रमुख प्रशासकीय अधिकृत